नगर कार्यपालिकाको
बैठक संख्या ३/२०७९-०८४
मिति २०७९।०३।०४ को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

बैठक संख्या: ३/२०७९-०८४

मिति २०७९ साल असार ४ गतेका दिन बसेको कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको बैठकबाट देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

निर्णय नं. १

नगरकार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गरियो। कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २

भूमिसुधार तथा मालपोत कार्यालय बाँकेको मिति २०७९/०३/०१ गते पत्रबाट भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको मिति २०७९/०२/२७ गतेको निर्णयानुसारको भूउपयोग ऐन, २०७६ र भूउपयोग नियमावली २०७९ मा भएको व्यवस्था कार्यन्वयनको लागि अनुरोध भई आएकोमा सो विषयमा देहाय बमोजिम गर्ने ।

क. भूउपयोग ऐन २०७६ को दफा १८ बमोजिम भूउपयोग क्षेत्र तथा भूउपयोग योजना तर्जुमा तथा कार्यन्वयनका लागि स्थानीय तहमा स्थानीय नगर कार्यपालिकाले स्थानीय भूउपयोग परिषदको रुपमा कार्य गर्ने व्यवस्था बमोजिम यस नगरपालिकामा स्थानीय भू उपयोग परिषद गठन गरी यथाशीघ्र कार्य प्रारम्भ गर्ने ।

ख. स्थानीय भूउपयोग परिषदले ऐन र नियमावलीले तोकेको मापदण्डको आधारमा जग्गाको वर्गिकरण गरी कित्ताकाटको लागि सिफारिस गर्नुपर्ने भएकोले परिषदको उक्त कार्य तयारीका लागि नगरपालिकाका सबै वडाहरुले टोल विकास संस्था, नागरिक समाज एवं भूमिसम्बन्धि ज्ञाताहरु समेतको संलग्नतामा सर्बदलिय/सर्वपक्षीय भेला गराई आएका सल्लाह सुझाव सहित वडाभित्रको कृषियोग्य र गैहकृषि योग्य जमिनको वर्गिकरणका लागि भूउपयोग परिषदमा पेश गर्ने गरी वडाहरुमा पत्राचार गर्ने।

निर्णय नं. ३

क. यस नगरपालिकाको राजस्व परामर्श समितिको सुझाव बमोजिम नगर कार्यपालिकाको कार्यालयबाट पेश भएको आर्थिक विधेयक, २०७९ को मस्यौदा माथि छलफल गरियो । छलफलमा उठेका सुझावहरुलाई समेटी सो विधेयक आगामी नगर सभामा पेश गर्ने।

ख. विभिन्न विषयगत समिति, शाखा र वडा कार्यालयबाट प्राप्त एवं नगर कार्यपालिकाको कार्यालयमा छलफल भई यस बैठकमा पेश भएको आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम माथी बुँदागत रुपमा छलफल गरियो । छलफलको क्रममा प्राप्त सुझावहरुलाई समेटी सो नीति तथा कार्यक्रम नगर सभामा पेश गर्ने ।

ग. नगरपालिकाको एघारौ नगरसभामा पेश हुने बजेट तथा कार्यक्रमहरुको बारेमा बुँदागत रुपमा छलफल गरियो । वडा सिलिङ् उपलब्ध गराउँदा प्रदान गरिएको मार्गदर्शन एवं नेपाल सरकारको एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र ब्याख्या, २०७४ को अनुकुल हुने गरी प्राप्त हुन बाँकी केही वडाका बजेट तथा कार्यक्रम प्राप्त गरी आवश्यक संशोधन सहित नगर सभामा पेश गर्ने ।

घ. विभिन्न विषयगत समिति एवं शाखाहरुबाट प्राप्त योजना तथा कार्यक्रमहरु एवं चालु आर्थिक वर्षमा कार्य सम्पन्न हुन नसकी क्रमागत गर्नुपर्ने योजनाहरुको विषयमा बुँदागत रुपमा छलफल गरियो । छलफलमा उठेका विषयहरुलाई नगरप्रमुख लगायत नगर कार्यपालिकाको कार्यालयले सम्बोधन गरी अर्को बैठकमा पेश गर्ने।

निर्णय नं. ४ विविध

क. यस नगरपालिकाको वडा नं. ३ को वडा समितिको मिति २०७८ माघ १४ गतेको निर्णय बमोजिम वडातर्फकै बजेट सिलिङ् अन्तर्गतका विभिन्न ५ वडा योजनाहरु समितिको निर्णय बमोजिम शिर्षक परिवर्तन एवं योजना कायम गरी रकम भुक्तानी दिने गरी अनुमोदन गरियो।

ख. यस कार्यपालिकाको मिति २०७९/०२/२८ को निर्णय नं. ७ बमोजिम समपुरक कोषबाट रकमान्तर गरिएको तर सो कोषमा रकम अपुग हुने भएको हुँदा चालु आ.ब. को सि.नं. १५३ साझेदारी विकास कार्यक्रम (कृषि तथा पशु उद्यमशीलता विकास परियोजना) बाट रु.९,५०,०००।-, सि.नं.१५४ साझेदारी विकास कार्यक्रम(कृषि तथा पशु उद्यमशीलता विकास

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ३१।२०७८-०७४
मिति २०७९।०३।१५ को
निर्णय प्रमाणित

परियोजना) बाट रु.२०,५०,०००।- र सि.नं. १५५ साझेदारी विकास कार्यक्रम(कृषि तथा पशु उद्यमशीलता विकास परियोजना बाट रु.१०,००,०००।-) गरी जम्मा रु.४०,००,००० समपुरक कोषमा रकमान्तर गर्ने ।

ग. यस अधिका आ.ब. हरु तथा चालु आ.ब. २०७८/०७९ मा ठेक्का सम्झौता भएका नगर गौरवका बहुबर्षिय योजनाहरु बाहेक अन्य योजनाहरुलाई असार मसान्त पछि म्याद थप गरी क्रमागत रुपमा राख्न नसकिने र अन्य योजनाहरुको हकमा २०७९ साल असार २० गते भित्र कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्ने लगाउने । कार्य सम्पन्न गर्न नसक्ने योजनाको हकमा जुन अवस्थामा योजना रहेको छ सोही बमोजिमको प्राबिधिक मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्न लगाउने ।

घ. कोहलपुर नगरपालिका वडा नं. १२ को वडा परिसरमा रहेका ६ वटा सुकेका सिसौका रुखहरु कटान/ व्यवस्थापनका लागि अनुमति प्रदान गरिदिनका लागि डिभिजन वन कार्यालयलाई लेखि पठाउने ।

ङ. कोहलपुर नगरपालिकामा रिङ्रोड निर्माणको क्रममा रिङ्रोड बाटोको क्षेत्रमा पर्ने रुखहरु र कोहलपुर चौराहादेखि डुडुवा सम्म राजमार्गको उत्तर तर्फ बाटोको क्षेत्राधिकार पर्ने रुखहरुको कटान/व्यवस्थापनका लागि सडक कार्यालय एवं बाँके राष्ट्रिय निकुञ्जलाई अनुमतिका लागि लेखि पठाउने ।

च. यस नगरपालिकाको राजमार्ग क्षेत्र वरपर रहेका केही सुकेका रुखहरु हावाहुरी चल्दा ढल्न गई मानवीय एवं भौतिक क्षति हुने संभावना रहेकाले उक्त रुखहरुको लगत लिई यथाशिघ्र व्यवस्थापन गरिदिनका लागि सडक कार्यालय एवं डिभिजन वन कार्यालयलाई अनुरोध गरी लेखी पठाउने ।

०६।३।१५
टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत